## दक्षिण तथा दक्षिणपूर्वी एसिया र बाहिरका देशहरूमा अपाङ्गता भएका व्यक्तिहरुलाई  समावेश गर्ने मानवीय तथा आपतकालीन उद्दार कार्य

# अर्थपूर्ण सहभागिता गराउन सहयोग गर्नुहोस्।

मानवीय र आपतकालीन एजेन्डा बनाउने, निर्णय लिने र कार्यान्वयन गर्ने कार्यमा अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गर्नु महत्त्वपूर्ण हुन्छ।

मानवीय कार्य र आपतकालीन अवस्थाको तयारी, उद्दार तथा पुनर्स्थापना कार्य समावेशी छन् भन्ने कुरा सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिहरुलाई  ज्ञान र सीपहरू प्रदान गरिन्छ भन्ने कुरालाई मान्यता दिनुहोस्।

मानवीय कार्य र आपतकालीन अवस्थाको तयारी, उद्दार तथा पुनर्स्थापनाका सबै चरणहरूमा विभिन्न किसिमका  अपाङ्गता भएका व्यक्तिहरुलाई   समावेश गर्नुहोस्। यसमा कमजोर र द्वन्द्वपछिका अवस्थाहरूमा शान्ति निर्माण गर्ने क्रियाकलापहरू पनि समावेश गरिएको हुन्छ।

तयारी, उद्दार तथा पुनर्स्थापना कार्यमा अपाङ्गता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता गराउन सहायता गर्न नागरिक समाज, विशेष गरी अपाङ्गता भएका व्यक्तिहरुको सङ्गठन OPD हरू) सँग अन्तर्क्रिया गर्नुहोस्।

अपाङ्गता भएका व्यक्तिहरुलाई उद्दार गर्ने क्रियाकलापहरूमा सहभागी र जवाफ दिन, डाटा र कार्यान्वयनको अनुगमन गर्न र जवाफ देहीहरूलाई  चुनौती दिन र प्रश्नहरू सोध्न सहायता गरेर जवाफदेही बन्नुहोस्।


SSHAP | Social Science in Humanitarian Action Platform

www.socialscienceinaction.org


@SSHAP_Action #SSHAP

DOI: 10.19088/SSHAP.2024.002


## दक्षिण तथा दक्षिणपूर्वी एसिया र बाहिरका देशहरूमा अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गर्ने मानवीय तथा आपतकालीन उद्दार कार्य

# वभिनि्न आवश्यकताहरू पहचिान गर्नुहोस् र पूरा गर्नुहोस्।


मानवीय र आपतकालीन उद्दार कार्यमा अपाङ्गता भएका व्यक्तहिरु समावेश गर्न सबै दृष्टकिोणहरूमा एउटा आकार फटि गर्दा पर्याप्त छैनन्।




विभिन्न प्रकारका र अपाङ्गता भएका व्यक्तिहरुको विविध आवश्यकताहरू पहिचान गर्नुहोस्। शारीरिक, संवेदनात्मक, संज्ञानात्मक, मनोसामाजिक र विभिन्न अपाङ्गता र लामो समयदेखि लागिरहेको रोगसँग सम्बन्धित अपाङ्गताहरूले व्यक्तिगत आवश्यकताहरूलाई आकार दिनेछ।



आश्रय स्थल, खाना, यातायात, स्वास्थ्य सेवा र सरसफाइलगायत मानवीय र आपतकालीन सेवाहरूको ढाँचा तयार गर्नुहोस्। विभिन्न प्रकारका र अपाङ्गता भएका व्यक्तिहरुले यी सेवाहरू सजिलै प्रयोग गर्न सक्छन्।



केही अपाङ्गता भएका व्यक्तिहरु दिन-प्रतिदिन निर्भर हुन सक्ने सेवाहरूमा आपतकालीन अवस्थामा समायोजन हुने गरी बनाइएको छ भनेर सुनिश्चित गर्नुहोस्। उदाहरणका लागि खुवाउने वा गतिशीलतासँग सम्बन्धित सहायक उपकरणहरू निरन्तर प्रयोग गर्न मिल्ने पनि समर्थन गर्नुहोस्।



पहिचानका अन्य पक्षहरू (जस्तै, लिङ्ग, उमेर, आम्दानी, जाति वा अल्पसङ्ख्यक मानिसहरूको स्थिति) हरूको कमजोरीलाई आकार दिन अपाङ्गता पहिचान गर्न सक्छ। उदाहरणका लागि, महिला र अपाङ्गता भएका बालबालिकाहरूले दुर्व्यवहारको असमान जोखिमको सामना गर्छन्।

**SSHAP** | Social Science in Humanitarian Action Platform

www.socialscienceinaction.org


@SSHAP_Action #SSHAP

DOI: 10.19088/SSHAP.2024.002


## दक्षिण तथा दक्षिणपूर्वी एसिया र बाहिरका देशहरूमा अपाङ्गता भएका व्यक्तिहरुलाई  समावेश गर्ने मानवीय तथा आपतकालीन उद्दार कार्य

# समावेशी सञ्चार


अपाङ्गता भएका व्यक्तिहरुले आपतकालीन अवस्थामा जीवन बचाउने जानकारी थाहा पाउन सक्ने हुनुपर्छ।



विभिन्न  अपाङ्गता भएका व्यक्तिहरुले आफूलाई र अरूलाई जोगाउन र आपतकालीन अवस्थामा सहायता लिन आवश्यक जानकारी प्रयोग गर्न सक्छन् भन्ने सुनिश्चित गर्नका लागि आवश्यकताअनुसार कुराकानी गर्नुहोस्।



राष्ट्रिय वा स्थानीय रूपमा सान्दर्भिक साङ्केतिक भाषा र ब्रेल प्रणालीहरू पहिचान गर्नुहोस् र प्रयोग गर्नुहोस्। स्थानीय रूपमा सान्दर्भिक बोलिने भाषाहरूमा क्याप्सन र अडियो मिडिया र सरल भाषा र सजिलो पढ्ने टेक्स्टको ढाँचाहरू प्रयोग गर्नुहोस्।



विशेष गरी सामान्य किसिमका सञ्चारका साधनहरू प्रयोग गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिहरुसम्म पुग्न हेरचाहकर्ता र सहायता गर्ने सञ्जालहरूलाई संलग्न गराउहोस्।

SSHAP | Social Science in Humanitarian Action Platform
www.socialscienceinaction.org
@SSHAP_Action #SSHAP
DOI: 10.19088/SSHAP.2024.002

## दक्षिण तथा दक्षिणपूर्वी एसिया र बाहिरका देशहरूमा अपाङ्गता भएका व्यक्तिहरुलाई  समावेश गर्ने मानवीय तथा आपतकालीन उद्दार कार्य

# दैनिक समावेश गर्ने कार्य बढाउनुहोस्

अपाङ्गता भएका व्यक्तिहरुले आपतकालीन अवस्थामा जीवन बचाउने जानकारी थाहा पाउन सक्ने हुनुपर्छ। समावेशी मानवीय र आपतकालीन उद्दार कार्यले  अपाङ्गता भएका व्यक्तिहरुका लागि दैनिक समावेशीकरणको जग बनाउनु पर्छ।

अपाङ्गता भएका व्यक्तिहरुको बारेमा बृहत र अन्तर्राष्ट्रिय रूपमा तुलनात्मक मात्रात्मक डाटा र सन्दर्भ विशेष गुणात्मक डाटा सङ्कलन गर्नुहोस्। अझै राम्रो योजना र जवाफ लिने प्रयासहरू गर्न  उनीहरुको विविध आवश्यकता र प्राथमिकताहरू बारेमा रहेका डाटा समावेश गर्नुहोस्।

पूर्वाधार, यातायात र सञ्चार प्रणालीका साथसाथै सामाजिक सुरक्षा, शिक्षा र स्वास्थ्य सेवाहरूलाई पूर्ण रूपमा अपाङ्गता भएका व्यक्तिहरु समावेशी बनाउने प्रयासहरू भएमा सहायता गर्नुहोस्।

गरिबी, शैक्षिक र आर्थिक बहिष्करण, र सामाजिक र शारीरिक अलगावलाई सम्बोधन गर्नुहोस्, जसले अपाङ्गता भएका व्यक्तिहरुलाई असर गर्छ।

नीति बनाउने व्यक्तिहरु, सेवा प्रदायक र व्यक्तिहरु बीचमा दैनिक समावेशीकरण गर्न र परम्परागत सोच हटाउनका लागि अपाङ्गताको सामाजिक मोडेलको गहिरो बुझाइलाई बढावा दिनुहोस्।

सकारात्मक सन्देशमार्फत  अपाङ्गतासँग सम्बन्धित लाञ्छना हटाउनुहोस्। जातीय वा धार्मिक अल्पसङ्ख्यक वा संज्ञानात्मक अपाङ्गता भएका महिला र केटीहरू जस्ता अपाङ्गताभएका केही मानिसहरू पहिचान गर्नुहोस्। ती मानिसहरूले सबैभन्दा ठूलो लाञ्छनाको सामना गर्न सक्छन् र यो सन्दर्भअनुसार फरक हुन्छ।

SSHAP | Social Science in Humanitarian Action Platform
www.socialscienceinaction.org
@SSHAP_Action #SSHAP
DOI: 10.19088/SSHAP.2024.002

## दक्षिण तथा दक्षिणपूर्वी एसिया र बाहिरका देशहरूमा अपाङ्गता भएका व्यक्तिहरुलाई  समावेश गर्ने मानवीय तथा आपतकालीन उद्दार कार्य

# दैनिक समावेश गर्ने कार्य बढाउनुहोस् अपाङ्गता भएका व्यक्तिर  उनीहरुको सञ्जाललाई सशक्त बनाउनुहोस्।

अपाङ्गता भएका व्यक्तिहरूका लागि मात्र नभइकन उनीहरूको हेरचाह गर्ने मानिसहरूका लागि पनि अर्थपूर्ण हिसाबले समावेश गर्न सशक्तिकरण गर्नुपर्छ।

अपाङ्गता भएका व्यक्तिहरुलाई सङ्कट परेको बेलामा निरन्तर हेरचाह र सहायता गर्नका साथै आफ्नो हेरचाह गर्न परिवारका सदस्य, साथी र हेरचाहकर्ताहरूलाई जानकारी र स्रोतहरू उपलब्ध गराउनुहोस्।

अपाङ्गता भएका व्यक्ति र  उनीहरुहरूको घरपरिवार र समुदायहरूसँग उनीहरूलाई सुरक्षित स्थलमा बाहिर निकाल्ने योजनाहरू तयार गर्न काम गर्नुहोस् किनभने तिनीहरू सङ्कटको समयमा बाहिर भाग्ने सम्भावना कम हुन सक्छ।

अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको दैनिक जीवनमा र सङ्क परेको समयमा वकालत गर्न र सहायता गर्न राष्ट्रिय र स्थानीय स्तरमा नागरिक समाज र OPD हरूसँग अन्तर्क्रिया गर्नुहोस् र काम गर्नुहोस्।

SSHAP | Social Science in Humanitarian Action Platform
www.socialscienceinaction.org
@SSHAP_Action #SSHAP
DOI: 10.19088/SSHAP.2024.002